## बैठक नं. २७

२०७५, जेष्ठ ६

निर्णयहरुः-

१. यस नगरपालिकाको आगामि तेस्रो नगर सभा (आ.व. २०७५/०७६ को लागि कार्यतालिका र समयसारिणि) देहाय वमोजिम स्वीकृत गर्ने र वडा भेला आयोजनाका लागि प्रतिवडा रु. १०,०००/-(रु. दश हजार मात्र) का दरले नगरसभा शिर्षकमा विनियोजित रकमवाट उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रम | क्रियाकलाप | समयावधी |
|---|---|---|---|
| १. | वस्ती/टोलस्तरीय योजना तथा कार्यक्रम छनौट । | ➢ वडा समितिको बैठकबाट टोल वस्तीलाई cluster मा विभाजन गरी वडा सदस्यहरुलाई संयोजक तोक्ने ।<br>➢ बैठकबाट टोल भेलाको स्थान र समय तोक्ने ।<br>➢ कर्मचारीहरुको टोली वनाई ढाँचा, माईन्युट बुक तयार गरी खटाउने ।<br>➢ प्रत्येक वडा समितिले ३ दिन अगाडीदेखि FM, पत्रपत्रिका र सूचना मार्फत सम्वन्धित टोलवासीलाई भेलाको जानकारी गराउने । | जेठ ९ गतेदेखि १५ गतेसम्म |
| २. | वडास्तरीय योजना तथा कार्यक्रम प्राथमिकीकरण गर्ने । | ➢ टोलबाट छनौट भई आएका योजना तथा कार्यक्रमलाई क्षेत्रगत रुपमा विभाजन गर्ने ।<br>➢ टोल वस्तीबाट प्राप्त योजना तथा कार्यक्रमलाई P1/P2/P3 मा प्राथमिकीकरण गरी प्रत्येकलाई अनुमानित वजेट समेत प्रस्ताव गर्ने ।<br>➢ वडा समितिको बैठकबाट टोलस्तरीय र वडास्तरीय योजना तथा कार्यक्रमको हकमा रकम सहित स्वीकृत गर्नुका साथै नगरस्तरीय योजना समेत छनौट गरी प्राथमिकीकरण सहित नगरपालिकामा पठाउने । | जेठ १६ गतेदेखि २० गतेसम्म |
| ३. | बजेट तथा कार्यक्रम तर्जुमा समितिद्वारा एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा गरी सिफारिस गर्ने | ➢ वडाबाट प्राप्त क्षेत्रगत योजना तथा कार्यक्रमलाई प्राथमिकीकरण गरी बजेट सहित प्रस्ताव तयार गर्ने ।<br>➢ बिषय क्षेत्रगत समितिमा छलफल गरी P1/P2/P3 सहित ३ बर्षको योजना तथा कार्यक्रम तयार गरी नगरपालिकामा सिफारिस गर्ने । | जेठ २१ गतेदेखि २५ गतेसम्म |
| ४. | नगरकार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृत गर्ने । | ➢ आर्थिक बिधेयक, २०७५ तयार गर्ने ।<br>➢ विनियोजन बिधेयक, २०७५ तयार गर्ने ।<br>➢ नीति तथा कार्यक्रमहरु पेश गर्ने ।<br>➢ चालु आ.ब. २०७४/०७५ को प्रगति समिक्षा गर्ने । | जेठ मसान्त भित्र |
| ५. | नगर सभाको बैठकमा बजेट तथा कार्यक्रम पेश गर्ने । | ➢ नगरकार्यपालिकाबाट स्वीकृत भएका सभामा पेश गर्नु पर्ने बिषय वस्तुहरुको नगर सभाबाट अनुमोदन तथा स्वीकृती गर्ने । | असार ५ गते भित्र |

२. यस नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धि कार्यविधि, २०७५ (८ पृष्ठ, ७ वटा दफा र ५ वटा अनुसूचि) पारित गर्ने निर्णय गरियो ।

३. मिति २०७४/१२/०४ को यस नगर कार्यपालिकाको निर्णय नं. २ अनुसारको जग्गा खण्डिकरण वा प्लटिङ सम्वन्धि निर्णय हाललाई कार्यान्वयन नगर्ने निर्णय गरियो ।

४. यस नगरपालिकाको प्रतिनिधित्व गर्दै उप प्रमुख तथा वडा अध्यक्षहरुवाट नगर प्रमुख स्तरिय निर्णयानुसार हालसम्म भएका अन्तरराष्ट्रिय स्तरका भ्रमणहरु अनुमोदन गर्ने निर्णय गरियो ।

५. यहि २०७५ साल जेष्ठ ८ गते यस नगरपालिकाका जनप्रतिनिधिहरुले पदबहाली गरेको एक वर्ष अवधि पुरा हुने हुनाले यस अवधिमा भए गरेका कामकारवाहि, सेवाप्रवाह, प्रगतिविवरण सहित एक सार्वजनिकिकरण कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

६. यस नगरपालिकाका सम्पुर्ण जनप्रतिनिधिहरुलाई एकरुपता हुने गरि पहिचान सहितको औपचारिक पोसाक उपलव्ध गराउने र लागत अनुमान सहित पोसाक छनोटका लागि देहाय अनुसारको एक कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) वडा अध्यक्ष, वडा नं. २, श्री रमेशमान डंगोल | -संयोजक |
| (ख) वडा अध्यक्ष, वडा नं. ४, श्री राजेन्द्र बाँनिया | -सदस्य |
| (ग) वडा अध्यक्ष, वडा नं. ७, श्री राजकुमार माली | -सदस्य |
| (घ) कार्यपालिका सदस्य, श्री सानु मिजार | -सदस्य |
| (ङ) कार्यपालिका सदस्य, श्री सुनिता नकर्मी | -सदस्य |
| (च) कार्यपालिका सदस्य, श्री सुमन पोखरेल | -सदस्य |
| (छ) कार्यपालिका सदस्य, श्री संगिता श्रेष्ठ(उप्रेति) | -सदस्य |

७. स्थानीय राजस्व परामर्श समितिले मिति २०७५ जेष्ठ १ गते पेश गरेको यस नगरपालिकाको आगामी तेस्रो नगर सभा (आर्थिक वर्ष २०७५/०७६) को योजना तथा कार्यक्रम र आय व्ययको लागि तयार पारिएको राजस्व सम्वन्धी प्रक्षेपित विवरण सहितको प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

८. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आगामी तेस्रो नगर सभा (आ.व. २०७५/०७६) को लागि तयार गरेको स्रोत अनुमान तथा बजेट सीमालाई नै कायम गरि पारित गर्ने निर्णय गरियो।

## २०७५ बैशाख १३ गते

## बैठक नं. २६

**छलफलका विषयहरुः-**

३. स्थानीय राजपत्र प्रकाशन सम्वन्धि कार्यविधि, २०७४ सम्वन्धमा ।

४. विविध

निर्णयहरु :

१. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम नगरपालिकाले बनाएको ऐन नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले ८ पृष्ठ, ३ भाग, १७ दफा र २ वटा अनुसूची रहेको कीर्तिपुर नगरपालिकाको "**कीर्तिपुर राजपत्र प्रकाशन सम्वन्धी कार्यविधि, २०७५**" पारित गरी लागु गर्ने निर्णय गरियो ।

२. नेपाल सरकार मन्त्री परिषदको मिति २०७४/१२/१२ बसेको बैठकको निर्णयका आधारमा मिति २०७५/०१/११ मा बसेको यस नगरपालिकाको स्थानीय राजश्व परामर्श समितिको सिफारिस समेतका आधारमा यस नगर क्षेत्रभित्रका प्राकृतिक व्यक्तिले आर्जन गर्ने घर बहाल आएमा लाग्ने घर बहाल कर वापत संघीय सरकारले लिई आएको १०% घर बहाल कर यस नगरपालिकाले लिने निर्णय गरियो ।

# <u>बैठक नं. २५</u>

<u>छलफलका विषयहरुः-</u>

५. प्लास्टिक झोला मुक्त नगर घोषणा सम्वन्धमा

६. विविध

<u>निर्णयहरु</u> :-

१. नेपाल सरकारद्वारा मिति २०७१/१२/१८ गते प्रकाशित नेपाल राजपत्रको खण्ड ६४, संख्या ४५ भाग ५ को विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयको सूचना वमोजिम नेपाल सरकारले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी काठमाण्डौ उपत्यकालाई स्वच्छ, सफा र प्रदुषणमुक्त बनाउने उद्धेश्यले सम्वत २०७२ साल वैशाख १ गतेदेखि लागु हुने गरी २०*३५ इन्च साइज र ४० माईक्रोन मोटाई सम्मका प्लास्टिक झोलाहरुको आयात, भण्डारण, बिक्री वितरण तथा प्रयोग गर्न प्रतिबन्ध लगाएको सन्दर्भमा ऐतिहासिक, धार्मिक, पुरातात्विक धरोहरहरुले भरिपुर्ण पर्यटकिय विकासको दृष्टिकोणले प्रचुर सम्भावना रहेको यस कीर्तिपुर नगरपालिकालाई प्रदुषणमुक्त शहर बनाउने यस नगरपालिकाको निति र लक्ष्यलाई मध्यनजर गरी सरोकारवाला संघसंस्था एबं सम्पुर्ण नगरवासीहरुको सहयोग र सद्भाव जुटाई आगामी २०७५ साल जेष्ठ १ गतेदेखि यस नगरपालिका क्षेत्रमा माथि उल्लेखित प्लास्टिक झोला निषेध गर्ने निर्णय गरियो ।

२. यस नगरपालिकाको वडा नं. ६ स्थित चोभार गल्छि पश्चिम राजमार्गको पश्चिमतर्फ फैलिएर रहेको, नेपाल सरकार जनिएको स्थानीय सरकार कीर्तिपुर नगरपालिका वडा नं. ६ अधिनस्थ ऐलानी जमिन <u>**गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला**</u> निर्माणको लागि ६ नं. वडा समितिको मिति २०७४/१२/२६ को निर्णय सिफारिस समेतका आधारमा मिति २०७४/१२/२८ को नगर प्रमुख स्तरिय निर्णायानुसार धुर्मुस सुन्तली फाउन्डेसनलाई उक्त रंगशाला निर्माणका लागि उपलब्ध गराईदिन श्री युवा तथा खेलकुद मन्त्रालय, सिंहदरवार काठमाण्डौलाई सिफारिस गरी सम्वन्धित अन्य मन्त्रालय एवं कार्यालयहरुलाई बोधार्थ पत्र पठाईएको व्यहोरा जानकारी भै सो को समर्थन गर्ने निर्णय गरियो ।

३. आगामि २०७५ साल नव वर्षको अवसरमा सम्पुर्ण नगरवासी दाजु भाई, दिदिबहिनी हरुमा शुख, शान्ति, सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।